## सेवाहरू :

- बीमाशुल्क भुक्तानी स्वीकार गर्ने बारे
- ब्यतीत बीमालेखको पुनर्जागरण
- बीमालेख कर्जा/ ऋण
- इच्छाएको व्यक्ति बारे
- ठेगाना परिवर्तन
- बीमाशुल्क भुक्तानी तरिका परिवर्तन
- समर्पण
- बीमितहरूको लागि बोनस

### बीमाशुल्क भुक्तानी स्वीकार गर्ने बारे

प्रत्यक्षरूपमा बीमाशुल्क भुक्तानी गर्न सक्ने तरिकाहरू :

बीमितहरूले बार्षिक, अर्ध-बार्षिक, त्रैमासिक र मासिक मध्ये जुन सजिलो हुन्छ त्यो तरीकाबाट बीमाशुल्क भुक्तानी गर्न सक्ने छन् । निम्न अनुसार बीमाशुल्क भर्न सकिनेछ :

१. कार्यालयको नगद काउन्टरमा प्रत्यक्षरूपले चेक बुझाएर अथवा नगद जम्मा गरेर,

२. तपाईलाई बीमालेख दिने कार्यालयमा चेक, बैकर्स ड्राफ्ट वा मनी अर्डर पठाएर ।

### बीमाशुल्क बुझाउन मोहलत/म्यादको व्यवस्था

सबै प्रकारको बीमाशुल्कको किस्ताहरू (मासिक किस्ताबाहेक) बुझाउन एक महिना ( बुझाउनु पर्ने बीमाशुल्क नबुझाएको मितिबाट ३० दिन ) मोहलत/म्यादको सुबिधा उपलब्ध गरिएको छ । हरेक बीमालेखहरूको लेखा अभिलेख राखिएको हुन्छ र बीमितको अनुरोधमा सो उपलब्ध गराउन सकिन्छ । बीमितको अनुरोधमा आयकर प्रयोजनार्थ बीमाशुल्क भुक्तानी भएको प्रमाण उपलब्ध गरिनेछ ।

### ब्यतीत बीमालेखको पुनर्जागरण

यदि मोहलतको अवधी भित्र पनि बीमाशुल्क भुक्तानी गरिएको छैन भने बीमाशुल्क भुक्तानी गर्नु पर्ने मिति देखिनै बीमालेख ब्यतीत भएको मानिने छ । ब्यतीत बीमालेखको पुनर्जागरण नगरेसम्म कम्पनीले बीमितको जीवनको जोखिम बहन गर्ने छैन । ब्यतीत बीमालेखको पुनर्जागरण गर्नका लागि ब्याज सहित बुझाउन बाँकी बीमाशुल्क तिर्नु पर्नेछ भने यस्तो अवस्थामा बीमितले बीमाशुल्क नबुझाएको अवधि, बीमितको उमेर, बीमाङ्क रकमको आधारमा अन्डरराइटरले माग गरे बमोजिम बीमितको स्वास्थ्य सम्बन्धी विवरण, मेडिकल रिपोर्ट वा विशेष स्वास्थ्य परिक्षण रिपोर्टसमेत पूनः उपलब्ध गराउनु पर्नेछ ।

ब्यतीत बीमालेखको पुनर्जागरण गर्नेक्रममा बीमितको नयाँ स्वास्थ्य परिक्षण गरि पूनः अन्डरराइटिङ्ग गरिने हुँदा पुरानो शर्तहरू कै आधारमा पुनर्जागरण हुन्छ भन्ने ग्यारेन्टी रहने छैन ।

बीमितले निम्न तरिका अपनाई ब्यतीत बीमालेखको पुनर्जागरण गर्न सक्ने छन् :

- सामान्य पुनर्जागरण पद्धति
- बीमालेख कर्जा एवं पुनर्जागरण पद्धति
- जीवित लाभ एवं पुनर्जागरण पद्धति

पुनर्जागरणसँग सम्बन्धित विवरण अनुरोध गरेमा उपलब्ध हुनेछ ।

### बीमालेख कर्जा/ ऋण

सावधिक, धनफिर्ता र आजीवन बीमालेखहरूलाई दुई बर्षको बीमाशुल्क भुक्तानी भएपश्चात बीमालेख कर्जा उपलब्ध गराइनेछ। बीमालेख कर्जामा लगाइने ब्याज समय समयमा परिवर्तन हुन सक्नेछ। कर्जा रकम बीमितको सुविधा अनुसार बीमा अवधिभित्रमा फिर्ता गर्नु पर्नेछ। कर्जा लिए बापत्‌को ब्याज अर्धबार्षिक रूपमा बुझाउनु पर्नेछ।

### कर्जा लिदा आवश्यक पर्ने कुराहरू

१. कर्जा आवेदन फारम
२. सक्कल बीमालेख
३. तमासुक

### इच्छाएको व्यक्ति बारे

जीवन बीमाको लागि प्रस्ताव गर्दा नै बीमितले आफ्नो शेषपछि लाभ हक दाबी गर्ने इच्छाएको व्यक्ति मनोनयन गर्नु पर्नेछ। बीमा अवधिभरमा बीमितले चाहेमा इच्छाएको व्यक्ति जहिले पनि परिवर्तन गर्न सक्नेछ। इच्छाएको व्यक्ति मनोनयन गर्दा बीमितको बीमायोग्य हित (Insurable Interest) गाँसिएको व्यक्ति जस्तै - आमा/बुबा, पति/पत्नी, छोरा/छोरी, दाजु/भाइ, रोजगारदाता आदिलाई राख्न एल.आइ.सी. नेपाल निवेदन गर्दछ ।बीमित जीवित रहेसम्म इच्छाएको व्यक्तिको सो बीमालेख वा बीमा रकममा कुनै अधिकार हुने छैन ।

### संरक्षक राख्ने

यदि इच्छाएको व्यक्ति नाबालक भएमा बीमितले नीज नाबालकको संरक्षकको रूपमा अर्को एकव्यक्तिलाई मनोनयन गर्नु पर्नेछ। नीज संरक्षकले नाबालकको नामबाट बीमा रकम संकलन गर्न सक्ने र सो रकम नीज नाबालकको हितमा खर्च गर्नु पर्नेछ। तसर्थ, संरक्षक मनोनयन गर्दा होसियारीपूर्वक उच्च दायित्व बहन गर्न सक्ने विश्वासिलो व्यक्तिलाई छनौट गर्न जरूरी छ।

### आवश्यक कुराहरू

सूचना फारम एवं मनोनयन परिवर्तन फारम (प्रतिलिपी)

### ठेगाना परिवर्तन

बीमितको वसोवासको ठेगाना परिवर्तन भएमा कम्पनीलाई सुचित गर्नु पर्नेछ । आफ्नो ठेगाना निःशुल्करूपमा परिवर्तन गर्न सकिनेछ।

### बीमाशुल्क भुक्तानी तरिका परिवर्तन

बीमालेखको अवधिभरमा बीमाशुल्क भुक्तानी गर्ने तरिकालाई परिवर्तन गर्न सकिनेछ जुन साविक रकमभन्दा बढी वा घटी हुन सक्छ। तलब बचत पद्धतिलाई प्रत्यक्ष भुक्तानी गर्ने पद्धतिमा परिवर्तन गर्न सकिनेछ। यस्तो परिवर्तन बीमालेखको बार्षिकी मितिसँग मिलाएर गरिनेछ, जुन मासिक, त्रैमासिक अथवा अर्ध बार्षिक मितिसँग मिलेको हुनु पर्नेछ। नियमानुसार यस्तो परिवर्तन प्रथम बीमालेख बर्ष अवधिभित्र गरिने छैन।

### आवश्यक कुराहरू

भुक्तानी तरीका परिवर्तन गर्न आवेदन दिएको हुनु पर्ने। कार्यालयबाट अनुमति प्राप्त भएपछि सोही बमोजिम रकम तिर्न सकिने।

## समर्पण

एल.आई.सी.का सम्पूर्ण किसिमका बीमालेखहरू कम्तीमा दुई बर्षको बीमाशुल्क भुक्तानी भैसकेपश्चात् बीमितिले चाहेको खण्डमा समर्पण गर्न सक्नेछ । यस्तो सुविधा उपलब्ध भएता पनि हामी हाम्रा आदरणीय बीमितहरूलाई निम्नलिखित कारणहरूले गर्दा आफ्नो बीमालेख समर्पण वा रद्द नगर्न सल्लाह प्रदान गर्न चाहन्छौ ।

१.बीमालेख समर्पण वा रद्दबाट तपाई जीवन बीमाको आर्थिक सुरक्षा कवचबाट बन्चित हुनु हुनेछ। आफ्नो जीवनको बीमा गराउनु भनेको आफ्नो परिवारलाई भविष्यका लागि आर्थिक सुनिश्चितता दिनु हो । के तपाईलाई लाग्दैन कि तपाईको बीमालेख समर्पण वा अन्त्यबाट आफ्ना परिवारको भविष्यमा ठुलो आर्थिक संकट वा खतरा आउन सक्छ ?

२.बीमालेख अन्त्य गरेर केही समयपश्चात पूनः उस्तै किसिमको बीमालेख लिन चाहनुभयो भने तपाईले बुझाउनु पर्ने बीमाशुल्क बढी हुन जानेछ किनकि त्यस समयमा तपाईको उमेर बढी हुने हुनाले जीवन जोखिम बहन गर्न कम्पनीले बढी  बीमाशुल्क माग गर्दछ । तसर्थ, चलिरहेको बीमालेखलाई जारी राख्नु तपाईलाई सस्तो र बढी लाभकारी हुनेछ।

३.जब तपाईले बीमालेख समर्पण गर्नु हुन्छ त्यसबेला बीमाका शर्तहरू समाप्त हुनेछन् । तपाईले बीमा गरे लगत्तै एल.आइ.सी. नेपालले पनि तपाईको जीवनको जाखिम बहन गर्ने र बीमालेख व्यवस्थापनका लागि केही व्यवस्थापकीय खर्चहरू भएका हुन्छन् । तसर्थ, बीमालेख समर्पण पश्चात् बीमा करारका शर्तहरू र अवधि बमोजिम तपाईले बुझाएको बीमाशुल्कमा केही रकम कट्टा गरेर मात्र बाँकी रकम उपलब्ध गरिन्छ ।

## सुनिश्चित समर्पण मूल्य :

समर्पण गर्न योग्य भएको बीमालेखका लागि समर्पण  मूल्य तपाईले भुक्तानी गर्नु भएको सम्पूर्ण बीमाशुल्क (पहिलो बर्षको बीमाशुल्क बाहेक) रकमको ३०% भन्दा न्युन नहुने एल.आइ.सी. नेपालले सुनिश्चितता प्रदान गर्दछ ।

## आवश्यक कुराहरू :

१. समर्पण मूल्य जानकारीका लागि आवेदन
२. समर्पण मूल्य भुक्तानीको लागि अनुरोध
३. सक्कल बीमालेख
४. डिस्चार्ज भौचर